# पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्वन्धी कार्यविधि, २०७५

( गाँउ कार्यपालिकाबाट पारित मिति: २०७५।०१।२३)

(गाउँ सभा तथा गाँउ कार्यपालिकाबाट प्रमाणिकरण मिति: २०७५।०१।२३)

(प्रकाशित मिति: २०७५ श्रावण २१ सोमवार)

**प्रस्तावना** : गाउँपालिकाको दैनिक कामकाज, वैठक तथा गाउँपालिका वा वडा कार्यालयमा खटिने वा खटाईने पदाधिकारीहरु एवं कर्मचारीको सेवा सुविधा निर्धारण गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२७ अनुसार प्रदेश कानुन बनेमा सोही बमोजिम हुने गरी सो कानुन नवनेसम्मको लागि कुशे गाउँपालिकाको गाउँ कार्यपालिकाबाट पारित गरि यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "कुशे गाउँपालिका पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्वन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानुनमा,

(क) "पदाधिकारी" भन्नाले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य र गाउँ कार्यपालिकाको सदस्यलाई जनाउँदछ ।

(ख) "गाउँपालिका" भन्नाले कुशे गाउँपालिकालाई जनाउँदछ ।

(ग) "गाउँपालिका कार्यालय" भन्नाले कुशे गाउँपालिकाको कार्यालयलाई जनाउँदछ ।

(घ) "वडा कार्यालय" भन्नाले कुशे गाउँपालिका अर्न्तगत रहेका वडा कार्यालयहरुलाई जनाउँदछ ।

(ङ) "गाउँसभा" भन्नाले कुशे गाउँपालिकाको गाउँसभालाई जनाउँदछ ।

(च) "गाउँ कार्यपालिका" भन्नाले कुशे गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँदछ ।

(छ) "न्यायिक समिति" भन्नाले कुशे गाउँपालिकाको न्यायिक समितिलाई जनाउँदछ ।

(ज) "वडा समिति" भन्नाले कुशे गाउँपालिका अर्न्तगतका वडा समितिलाई जनाउँदछ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले कुशे गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ र सो शव्दले कायम मुकायम प्रमुख प्रशासकिय अधिकृत र निमित्त प्रमुख प्रशासकिय अधिकृत समेतलाई जनाउँदछ ।



CamScanner

